# खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

बुटौल चारजिल्ला र कैलाली जिल्लामा खाद्य तथा भूमि–व्यवस्थाको जाँचबूझ गर्ने सदरबाट कमिशन खटिई गएकोमा कमिशनका सिफारीसबमोजिम बुटौल जिल्लामा १।२ वर्ष नापी नहुन्ज्याललाई जोताहा रैतीले जोतेको जग्गा झिक्न नपाउन्ट भन्नाका निमित्त छापा फाराममा रैतीले जोतेको जग्गाको चारहद्द सिमाना र लिने तिरो-समेत खुलाई कबूलियत गराउने र बुझाएको बालीको रसिद भरपाई पाउनेसमेत गर्नालाई बडाहाकिमहरूलाई चाहिने आदेश भई गएको र जमीनसम्बन्धी रैती जिमीदारहरूमा परेको झगडा निप्टाउनलाई सदरबाट मोबाइल कोर्ट खटिई जाने भएको छ। ०८ सालको धानबालीमा बुटौल चारै जिल्लाको कुनै कुनै जम्मै तप्पा तप्पै र कुनैकुनै तप्पाका केही मौजाहरूमा मात्र सुखा जर्ता भएको र पाल्ही माझखण्डका कुनैकुनै मौजामा कहींकहीं असिनाले नोक्सान गरेको जाहेर भएको-मा जाँच कमिशनलाई भएका आदेशबमोजिम जाँच गर्न जाँदा खडा बाली नदेखि-एको हुनाले यो यसठाउँमा यति यति सुखा जर्ता भएको, असिनाले यो यस्को यति यति नोक्सान पारेको भन्न नसकिने हुँदा ०८ सालको पोतमा सुखा जर्ता असिनाले नोक्सान परेकाहरूलाई जम्मा बुझाउनुपर्ने पोतको ८ आनालाई ०९ सालको पोत बुझाउने टाइमसम्मलाई भाखा दिने ठहराई जाहेर गरेबमोजिम माननीय खाद्य तथा कृषिमन्त्रीजीबाट सदर गर्नुभै काबिनेट्बाट पनि सोहिबमोजिम भाखा दिने गरी सदर भएको सूचना जारी गरिदिएको छ।

कैलाली जिल्लाबाट कमिशनले बुझी ल्याएको स्रेस्ता प्रमाणबाट रैतीले पाउने जग्गाहरू जिमीदारहरूले आफ्ना कबुजामा राखी रैतीबाट बटैया खाने गरेको जग्गा करीब २०।२२ हजार बिगाहा छ। अब आउने हिउँदमा सर्भे नापी गरी सो बीस बाईस हजार बिगाहा जमीन रैतीका नाममा दर्ता गरिदिई यस्ता जग्गाको जिमीदारहरूले खाइरहेको बटैया ०९ सालका बालीदेखि खान नपाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी तोडिदिनालाई कमिशनको सिफारीसबमोजिम अब आउने हिउँदमा कैलाली जिल्ला नापी गर्नालाई सर्भे आफिसमा भएका अमीनहरूबाट मात्र नपुग्ने बेहोरा जाहेर हुँदा लडका जवान ५० सर्भे काममा तालिम गर्नालाई सर्भे आफिसलाई आदेश भएबमोजिम तालिम हुनलागेको हुनाले यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

## खाद्य तथा भूमि—मन्त्रालयको सूचना

सर्भेको काममा तालिम गर्नालाई लडका जवान ३०। तीस चाहिएको ०८ साल चैत्र २३ गतेमा प्रकाशित भएको सूचनाबमोजिम दरखास्त धेरै पर्न आए तापनि नियम पुगेका जवान २३ मात्र भएकोले जवान ३० पुऱ्याउनालाई जवान ७ सात र अरू फेरि जवान २० बीस बढी थप चाहिने भएकोले जम्मा जवान २७ सत्ताईस चाहिएको छ। चैत्र २३ गतेको सूचनाबमोजिम अंग्रेजी स्कूलमा कमसेकम थर्डक्लास-सम्म पढेकाहरूले आफू र बाबुको नाम, थर, वतन उमेरसमेत खोली आफ्ना हस्ता-क्षरले दरखास्त लेखी खाद्य तथा भूमि–मन्त्रालयमा-सर्भेमा तालिम हुने बारेको-भनी बाहिर खाममा लेखी रजिष्टरी गरी वा आफैं आई ०९ साल ज्येष्ठ ८ गते-भित्रमा दरखास्त पठाउनुहोला। तालिम टाइम करीब ६ मैन्हासम्मलाई मैन्हा १ को मोहरू ३०। तीसका दरले ष्टाइपेन्ड पाइनेछ। पढाइ सकिएपछि जाँचमा पास हुनेहरूलाई नोकरीमा भर्ना गरिनेछ तोकिएको टाइमपछि आएको दरखास्त-बाट कारबाई हुनेछैन। दरखास्त दिनेहरूले आउने ज्येष्ठ १० गतेका दिनको ११ बजे खाद्य भूमि-मन्त्रालय सेक्रेटरी अफिसमा आफ्नो सक्कल सर्टिफिकेट लिई हाजिर हुन आउनुहोला। दरखास्तहरू सिलेक्सन बोर्डबाट जाँच भई श्रेणीको रोलबाट छानिनेछन्। लेखेभन्दा घटी पढेका र सक्कल सर्टिफिकेट पेश गर्न नसक्नेहरूले दरखास्त पठाउन कष्ट नगर्नुहोला। भर्ना भएपछि ३ वर्ष नपुगी बिचमा छाड्नेहरूले खाएको ष्टाइपेन्ड र तलब फिर्ता गर्नुपर्नेछ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222